जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २२१ २०८१ साल चैत २१ गते बिहीबार (3 Apr. 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदर्शनका क्रममा घाइते ... ३ पृष्ठमा : पर्यटकीय हब बन्दै ... ३ पृष्ठमा : पिठो तथा इन्धनको अभावमा ...

## आन्दोलनले हटाएको राजतन्त्रको पुन:स्र्थापना सम्भव छैन : पूर्वप्रधानमन्त्री नेपाल




**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले आन्दोलनले हटाएको राजतन्त्रको पुन:स्र्थापना सम्भव नरहेको बताएका छन् ।

नेकपा एकिकृत समाजवादी सप्तरीको १०औं जिल्ला अधिवेशनको बुधबार राजबिराजमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री नेपालले यस्तो बताएका हुन् ।

"राजालाई राजनीति गर्ने मन भए मौजुदा व्यवस्था अनुसार पार्टी खोलेर निर्वाचनमा भाग लिई बहुमत ल्याएर आफ्नो नीति तथा कार्यक्रम लागु गर्न सक्ने बाटो खुल्ला छ ।" उनले भने "वंशवादको विगत तर्फ फर्किने सम्भावना छैन् ।"

वंशवादको शासनको नाउँमा फेरी जंगबहादुरलाई ल्याउने हो भन्दै उनले प्रश्न गरे । नेपालमा वंशका आधारमा निरंकुश शासन गर्ने प्रणाली सदाका लागि अन्त्य भएको उनको दावी थियो ।

राजतन्त्रकालमा भएको दमनको भुक्तभोगी आफू समेत भएको र दमनको जम्मै कुरा नेपाली जनतालाई पनि अझै याद रहेको उनले जिकिर गरे । आफू समेत पुर्वराजा ज्ञानेन्द्रबाट दु:ख पाएको स्मरण गर्दै उनले मोबाईल खोसी, सम्पर्क विहिन बनाई र घरमा नजरबन्द राखेको अनुभव समेत सुनाए ।

उनले पछिल्लो समय काठमाडौंमा भएको राजावादी आन्दोलनलाई अराजक गतिविधको संज्ञा दिदै अराजक समूहले आफूहरुको पार्टी कार्यालयमा तोडफोडका साथै सम्पति लुटपाट गरेको आरोप समेत लगाए ।

नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरीको अध्यक्षतामा आयोजित उद्घाट्न समारोहमा केन्द्रिय उपाध्यक्ष धर्मनाथ साह, प्रदेश सांसद एवं पुर्व मन्त्री गोविन्द न्यौपाने, मधेश प्रदेश अध्यक्ष एवं पोलिटव्युरो सदस्य रामचन्द्र यादव, प्रदेश सचिव एवं पोलिटव्युरो सदस्य सुधिर साह, महिला नेतृ एवं पोलिटव्युरो सदस्य उषा पोखरेल, पार्टीका प्रचारप्रसार विभागका केन्द्रिय प्रकाश खतिवडा, नेपाल रेल्वेका महाप्रबन्धक निरन्जन झा लगायतको उपस्थिति रहेको थियो ।

बुधवार नै अध्यक्ष एवं पूर्वप्रधानमन्त्री नेपालले जिल्ला समन्वय समितिको सभाकक्षमा सभापति शिवनारायण साहको उपस्थितिमा सुरक्षा निकायका प्रमुखहरुलाई भेटेर जिल्लाको समग्र सुरक्षा अवस्था, राजावादीको गतिविधि तथा सीमा क्षेत्रका सुरक्षा चुनौती लगायतका विषयमा आवश्यक जानकारी समेत लिएका थिए ।

## दलित समुदायमाथि भइरहेको शोषण अन्त्य गर्नुपर्ने माग

काठमाडौं, २० चैत (रासस) ।

राजनीतिक दलका नेता र मानवअधिकारकर्मीले सिरहाको औरही गाउँपालिकालगायत देशभर दलित समुदायमाथि भइरहेको शोषण अन्त्य गर्नुपर्ने माग गरेका छन् ।

राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल, उपत्यका प्रदेश, ओजस्वी मल्टी मिडिया ग्रुप र नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान) ले माइतीघर मण्डलामा मंगलबार आयोजना गरेको सिरहाको औरहीलगायत देशभर दलित समुदायमाथि भइरहेको शोषण र दमनविरुद्ध 'सडक संवाद' कार्यक्रममा पूर्बमन्त्री मीन विश्वकर्माले सिरहा, रुपन्देही, दैलेख,

***बाँकी अन्तिम पृष्ठमा***

## प्रहरी र जनप्रतिनिधि अगाडी नै पोखरीबाट निकालिएको माछा लुटियो



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरीको रुपनी गाउँपालिकामा बुधबार एक पोखरीबाट निकालिएको माछा प्रहरी र जनप्रतिनिधि कै अगाडीबाट लुटिएको छ ।

अदालतको आदेश कार्यान्वयन गर्न पुगेका प्रहरी र जनप्रतिनिधि कै अगाडी पोखरीबाट निकालिएको झण्डै दुई लाख मुल्य बराबरको माछा लुटिएको हो ।

रुपनी गाउँपालिका ३ कटैयास्थित धामी पोखरीबाट १ लाख ९० हजार मुल्य बराबरको करिब ६ सय किलो माछा लुटपाट भएको छ ।

उक्त पोखरी गाउँपालिका सार्वजनिक र स्थानीय एक पक्षले निजि भएको दाबी गर्न थालेपछी सो विवाद अदालत पुगेको थियो । सप्तरी जिल्ला अदालतले पोखरी विवादको अन्तिम किनारा नलागुञ्जले पोखरीमा रहेको माछा बिक्रि गरि प्राप्त आम्दानी गाउँपालिकाको राजश्व खातामा जम्मा गर्न आदेश

***बाँकी दुई पृष्ठमा***

## एसइई सम्पन्न, असार ७ गतेभित्र परीक्षाफल

भक्तपुर, २० चैत (रासस) ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) मंगलबारबाट सम्पन्न भएको छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय सानोठिमीका अनुसार देशभरका दुई हजार ७९ परीक्षा केन्द्रमा यही चैत ७ गतेबाट सुरु भएको परीक्षा मंगलबार सम्पन्न भएको हो ।

परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले भन्नुभयो, "यसवर्षको परीक्षा शान्तिपूर्ण र मर्यादित रह्यो, अर्मयादित काममा संलग्न भएका केही निरीक्षक निष्कासित समेत भए ।"

यस वर्षको परीक्षामा पाँच लाख १४ हजार ७१ जनाले परीक्षार्थी सहभागी भएका थिए । जसमा सबैभन्दा काठमाडौँमा ३९ हजार ६०० र सबैभन्दा कम मनाङ्गमा ४३ जना थिए । जापानको एक परीक्षाकेन्द्रमा २९ जनाले एसइई दिए । साथै काठमाडौँको केन्द्रीय कारागार र दैलेखका दुई कारागार तथा भक्तपुरको बालसुधार गृहबाट पनि विद्यार्थी सहभागी भएका थिए ।

बोर्डले यसबर्ष परीक्षाफल आगामी असार ७ गतेभित्र सार्वजनिक गर्ने जनाएको छ । परीक्षामा न्यूनतम ३५ अङ्कभन्दा कम ल्याउने परीक्षार्थी अनुत्तीर्ण हुनेछन् । परीक्षाको नतिजामा उत्तीर्णदरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । विसं २०८० सालको एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी पास भएका थिए ।

IMPACT Nepal

### आवश्यकता

अपाङ्गता रोकधाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकर्ता (महिला) | छिन्नमस्ता गापा, सप्तरी | १ | HA / Staff Nurse |

**द्रष्टव्य:**

१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com, मार्फत पनि पठाउन सकिनेछ ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हाल सालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वार्ताको लागी सम्पर्क गरीनेछ ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## सम्पादकीय ....

# शिक्षाका साथै सामाजिक र मानसिक परिवर्तन आवश्यक

हाम्रो समाजमा अहिले पनि जातिय विभेद तथा छुवाछुत कायमै रहेको छ । पछिल्लो उदाहरणको रुपमा सिरहाको औरही गाउँपालिकामा भएको घटनाले दर्शाउछ । महायज्ञको नाममा वर्षौदेखी बसोवास गर्दै आइरहेको स्थानबाट डोम परिवारलाई उठिवास समेत गराइएको छ । विगत तीन दशकदेखी सोही स्थानमा बसोवास गर्दै आएका ती डोम दम्पत्तिको घर पनि सरकारले नै बनाइ दिएकोमा सोही घर स्थानीय सरकार भनिनेहरुले भत्काएर बिस्थापित गरेका छन् । जुन अशोभनिय छ ।

महायज्ञको नाममा डोम समुदायका व्यक्तिको घर भत्काएर त्यस स्थानबाट बिस्थापित सम्म गर्नु मानवता बिरुद्धको कार्यले समाजमा अहिले पनि त्यस्ता कार्यले प्रसय पाइरहेको देखाउछ । यस्तो कार्यले एउटा समुदायलाई मात्र नभएर सिङ्गो समाजलाई जातिय विभेदको नकारात्मक असर पारेको छ । यसरी मानव मानवबीच हुने यस्ता विभेदले अझै पनि समाज परिवर्तनको दिसामा जानबाट चुकेको देखिन्छ । यस्तो अमानविय क्रियाकलापबाट धार्मिक कार्यलाई असर पर्ने देखिन्छ । धर्मको नाममा कसैलाई उठिवाससम्म गरिने क्रियाकलापको बिरोध सर्वत्र भइरहँदा पनि ती व्यक्तिहरुलाई आफूले गरेको गैरजिम्मेवारपूर्ण व्यवहारप्रति कुनै पछुतो नहुनु समाज कतातिर गइरहेको भन्ने देखाउछ ।

महायज्ञको नाउँमा छुवाछुत गरिनु संविधान विपरीत कार्य हो । संविधानमा पनि यस्ता खाले गतिविधीलाई गैरकानुनी कार्य भनेको छ । तर, यस्ता कार्य गर्ने व्यक्ति अझै समाजमा धर्मको ठेकेदार भन्दै शिर ठाडो गरेर प्रतिष्ठित व्यक्तिको रुपमा चिनिन्छ । जबसम्म जातजाती, धर्म, समुदाय, ओहोदा, लिङ्गको आधरमा छुवाछुत भइरहन्छ तबसम्म हाम्रो समाज पनि दुई समूहमा बाडिरन्छ । तसर्थ यस्ता कुरितीहरुलाई जडैबाट उन्मूलन पार्न पूर्ण रुपमा मानिसकतामा परिवर्तन ल्याउनु जरुरी छ । जतिसुकै शिक्षा हासिल गरेपनि यस्ता विभेदको अन्त्य हुँदैन् । यसका लागि शिक्षाका साथ साथै सामाजिक र मानसिक रुपमा समेत परिवर्तन ल्याउन अति आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रदर्शनका क्रममा घाइते भएकाको निःशुल्क उपचार

काठमाडौं, २० चैत (रासस) ।
सरकारले धुलिखेल अस्पताल ट्रमा तथा आपतकालीन सेवा केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी ऐन ५७ करोड ३० लाख अनुदान सहायता प्राप्त गर्ने भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यही चैत १८ को मन्त्रिपरिषद्का निर्णयहरू सार्वजनिक गर्दै उक्त जानकारी दिनुभएको हो ।

सरकारले आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा स्वीकृत गर्ने, आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको हिस्साको अनुमानित रकम स्वीकृत गर्ने र आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान रकम स्वीकृत गर्नेसमेत निर्णय रहेको छ ।

सरकारले नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा चुडामणि चापागाईं भ्रापालाई नियुक्त गर्ने निर्णय गरे छ । आगामी वैशाख २२ गतेदेखि २६ गतेसम्म स्वीट्जरल्याण्डको बाजलमा सञ्चालन हुने 'डिलिङ विथ द पास्ट एड्भान्सड कोर्स' विषयक कार्यक्रममा सहभागिता जनाउन सत्यनिरूपण तथा मेलमिलाप आयोगका सचिव पारावर ढुङ्गाना र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव खेमराज ज्ञवालीलाई स्वीकृति दिएको छ ।

त्यसैगरी यही चैत २६ र २७ गते नेपालमा आयोजना हुने बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) को कृषि मन्त्रिस्तरीय र कृषिसम्बन्धी उच्च पदाधिकारीहरूको तेस्रो बैठक कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, सचिव (कृषि विकास) डा गोविन्दप्रसाद शर्मा र सचिव (पशुपन्छी विकास) डा राजेन्द्रप्रसाद मिश्रलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारले निर्णय गरेको छ ।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको कार्यकारी निर्देशक पदमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ डा प्रधुम्नराज पाण्डे नियुक्त हुनुभएको छ । परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानसम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने एवं नेपाल सरकारका नाममा दर्ता रहेको लमजुङ जिल्ला साविक सुन्दरबजार गाविस वडा नं ९ को १५ रोपनीभन्दा बढी सार्वजनिक जग्गा सुन्दरबजार अस्पतालको भवनलगायत भौतिक संरचना निर्माण गर्न सुन्दरबजार नगरपालिका लमजुङलाई उपयोग गर्न स्वीकृति दिइएको छ ।

आगामी वैशाख २ गतेदेखि ४ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने २०२५ एडिसन अफ इसिओएसओसी युथ फोरम कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजु लाल चौधरीलाई सहभागी हुन स्वीकृति दिइएको छ ।

नेपाली सेना, सैनिक साधारण सेवाका एक जना सहायक रथीको सरुवा गर्ने, माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको २२० केभी विद्युत् प्रसारणलाइन आयोजना निर्माणका लागि रसुवाको उत्तरगया गाउँपालिका वडा नं १ मा रहेको राष्ट्रिय वनको २ दशमलव ७६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने र यही चैत २४ मा दक्षिण कोरियाको राजधानी सिओलमा गैरआवासीय नेपाली सङ्घ, दक्षिण कोरियाले आयोजना गर्ने एकता महाधिवेशनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरूणकुमार चौधरीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा आगामी वैशाख ८ गतेदेखि आयोजना हुने 'ट्वान्टी-फोर्थ सेसन अफ द युनाइटेड नेसन्स प्रमानेन्ट फोरम ओन इन्डियनियस इशु (युएन-पिएफआइआई)' मा सहभागी हुन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गरिएको छ ।

त्यसैगरी यही चैत २५ गतेदेखि २९ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा सञ्चालन हुने कमिसन ओन पपुलेसन एण्ड डेभलोपमेन्ट( सिपिडी) को बैठकमा सहभागिताका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्ले निर्णय रहेको छ ।

त्यसैगरी यही चैत १५ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू पनि मन्त्री गुरुङले सार्वजनिक गर्नुभएको थियो । सरकारले चैत १५ गतेका दिन पूर्वराजाका समर्थकहरूद्वारा काठमाडौंको तीनकुने र आसपासका क्षेत्रमा भएको अराजक प्रदर्शनका क्रममा निजी, सार्वजनिक एवं सरकारी सम्पत्ति, अस्पताल, सवारीसाधन, राजनीतिक दलका कार्यालय तथा सञ्चार गृहहरूमा भएको आक्रमण, आगजनी र तोडफोड एवं अन्तरराष्ट्रिय विमानस्थल जस्तो संवेदनशील क्षेत्रमा हिंसात्मक गतिविधि गरी आतङ्क फैलाउने, घरभित्र मानिस भएको अवस्थामा ढुङ्गामुढा, आगजनी र मानिसको ज्यान जानेगरी अमानवीय र गैरकानुनी कार्य गर्ने, तोडफोड र लुटपाट गर्नेजस्ता कार्य भएकामा सरकारले घोर भर्त्सना गरेको छ ।

सरकारले उक्त प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै सो क्रममा घाइते भएकाको शीघ्र स्वास्थ्यलाभको कामनासहित उक्त प्रदर्शनका क्रममा घाइते हुनेको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने निर्णय गरेको छ । उक्त घटनाका सम्बन्धमा सत्यतथ्य छानविन गरी दोषीउपर कारबाही गर्न र आगामी दिनमा यस किसिमको घटना हुन नदिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

# ऊर्जा मन्त्रालयको हटलाइनमा एक महिनामा १९ सय उजुरी

काठमाडौं, २० चैत (रासस) ।
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सञ्चालनमा ल्याएको हटलाइन सेवा (११५१)मा उजुरी दिनेको सङ्ख्या उल्लेख्य देखिएको छ । काममा ढिलासुस्ती, सूचनाबिना नै बत्ती काट्ने, मिटर नपाउने, ट्रान्सफर्मर जल्ने, अनियमित मिटर रिडिङ तथा अनावश्यक झन्झट जस्ता समस्या समाधान गर्न सञ्चालनमा ल्याइएको हटलाइन सेवा प्रभावकारी बनेको मन्त्रालयले जनाएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले हटलाइनमा आएका जनताको गुनासोलाई यथासक्य चाँडो सम्बोधन गर्न निर्देशन समेत दिनुभयो । हटलाइन सेवामा कार्यरत रामकृष्ण पौडेलले गुनासो आउने वित्तिकै सम्बन्धित कार्यालय र वितरण केन्द्रका प्रमुखलाई जानकारी गराएर समस्या समाधान गर्दै आएको बताउनुभयो ।

हटलाइनमा फागुन महिनामा मात्र एक हजार ९०२ वटा उजुरी दर्ता भएको उहाँले बताउनुभयो । उहाँका अनुसार चैत महिनामा एक हजारभन्दा बढी गुनासो आइसकेका छन् । हटलाइनमा प्राप्त गुनासोमध्ये ट्रान्सफर्मर जलेको, पोल ढलेको, विद्युत् आपूर्तिमा अवरोध, भोल्टेज कम आउनुजस्ता विषय बढी छन् ।

फोनबाहेक फेसबुक, भाइबरलगायतका डिजिटल माध्यमबाट सेवाग्राहीहरूले गुनासो गर्ने गरेका छन् । सबैभन्दा बढी गुनासो बागमती र मधेस प्रदेशबाट आएका छन् । गुनासो सम्बोधन गर्न थप जनशक्ति परिचालन गरिएको हटलाइनमा कार्यरत एकबहादुर महर्जनले जानकारी दिनुभयो । मन्त्रालयमा नै सिधैं गुनासो गर्न पाउने व्यवस्था भएपछि जिल्लास्थित कार्यालयमा हुने ढिलासुस्ती कम हुँदै गएको छ ।

# मार्चमा १ लाख २१ हजार आठ सय विदेशी पर्यटक नेपाल भित्रिए

काठमाडौं, २० चैत (रासस) ।
सन् २०२५ को मार्च महिनामा एक लाख २१ हजार आठ सय विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार यो सङ्ख्या हवाइमार्ग भएर आएका पर्यटकको हो । बोर्डको विवरणमा वर्षको पहिलो तीन महिनामा दुई लाख ९८ हजार पर्यटक नेपाल भित्रिएका छन् । जनवरीमा ७९ हजार नौ सय र फेब्रुअरीमा ९६ हजार आठ सय पर्यटक नेपाल आएका थए । यो महिना सबैभन्दा धेरै भारतबाट २१ हजार चार सय १२ पर्यटक नेपाल आएका छन् ।

चीनबाट ११ हजार चार

बाँकी तीन पृष्ठमा

## प्रहरी र जनप्रतिनिधि ...

दिएको थियो ।

सो वडाका इनरदेव चौधरी धामीले पुर्खौदेखी आफूहरुले हकभोग र रेखदेख तथा संरक्षण गर्दै आएको उक्त पोखरी आफूहरु कै परिवारको रहेको दाबी गर्दै आएका थिए । तर वडा कार्यालयले उक्त पोखरी निजि नभई सार्वजनिक भएको दाबी गर्दै आएको थियो ।

अदालतकै आदेश कार्यान्वयनका लागि पत्थरगाढा प्रहरी चौकीका असई बैजु यादव, वडाअध्यक्ष अमरलाल मुखिया सुरक्षाकर्मीसहित पोखरी पुगेको बेला उनीहरुकै उपस्थितिमा पोखरीबाट झण्डै ६ सय किलो माछा बाहिर निकालिएको थियो । तर एक्कासी आएको गाउँलेहरुको एक भिडले ती सबै माछा लुटेर लगेको प्रहरीको भनाई छ ।

प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले अचानक ठूलो संख्यामा आएको समूहले माछा लुटपाट गरेको र सो बारे आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

# पर्यटकीय हब बन्दै मुस्ताङको मार्फा

**सुन्दरकुमार थकाली**

मुस्ताङ, २० चैत (रासस)।

मुस्ताङको मार्फा भन्ने बित्तिकै त्यहाँ स्याउको बगान। पुराना प्राचीन घरहरू। गाउँभित्र साँघुरो गल्ली र त्यसभित्र चाहार्दै जाँदा एक दर्जन बढी शाखा गल्लीगल्ली। त्यही जैविक तथा सांस्कृतिक विविधताले भरिएको छ मुस्ताङको मार्फा ।

यही पृष्ठभूमिलाई समेट्दै त्यही गाउँ जन्मिएकी एक सर्जक स्वर्गीय बसन्ती लालचनले तीन दशक अघि 'क्या राम्रो स्याउ बारी मार्फा गावैमा' गीत रचना गरेकी थिइन्। ज्योति गुरुङको स्वर रहेको त्यही गीतले नेपालभरी मार्फालाई गुञ्जायो, त्यसपछि त मुस्ताङको मार्फा नआउने पनि मुस्ताङमा मार्फा गाउँ छ भन्ने थाहा पाए।

आजभोलि सडक सञ्जाल सहज हुँदै जान थालेपछि मुस्ताङको मार्फा गाउँ नपस्ने कुनै पर्यटक हुँदैनन्। सडकमार्गमा सवारी रोकेर मार्फा गाउँमा लुकेर रहेको भौतिक तथा सांस्कृतिक सम्पदा नियाल्न पर्यटक घण्टौं बिताउँछन्।

क्या राम्रो स्याउबारी मार्फा गावैमा गीतले भने जस्तै अहिले मार्फा गाउँको स्याउ बगानमा स्याउ देख्न पाईदैन। पुस र माघ महिनामा स्याउ बगैँचा व्यवस्थापन गरिएका यहाँका स्याउ बगानमा स्याउको फूल फूल्ने तयारीमा छ। बर्सेनि असोज कात्तिकमा स्याउ बगान 'पोस्ट हार्भेस्ट' गरिसकेपछि यहाँ स्याउ बगान उजाडमय हुन्छन्। बर्सेनि भदौदेखि असोज र कात्तिक महिनामा मुस्ताङ आउने पर्यटकले मुस्ताङको मार्फा स्याउ बगानमा लटरम्म स्याउ फलेको देख्न सक्छन्।

हिउँदयाम सकिँदै गर्दा र वसन्त ऋतुको आगमनसँगै मुस्ताङको मार्फा गाउँमा आन्तरिक पर्यटकको उपस्थिति थेगिनसक्नु छ। राष्ट्रिय गौरवको (बेनी–जोमसोम) सडक नजिकै पर्ने मार्फा गाउँमा त्यहाँको पुरानो मौलिक कलासंस्कृति र त्यहाँका प्राचीन घरको संरचना र त्यही घर भित्रभित्र रहेको साँघुरो गोरेटो गल्ली बाटो पुग्ने पर्यटकका यो निकै अविष्मरणीय क्षण हुनेछ। मुख्य सडकमार्गबाट पश्चिम करिब दुई सय मिटरको भिरालो सतहमा अवस्थित मुस्ताङको मार्फा गाउँमा प्रत्येक दिन दिउँसोदेखि साँझसम्मै पर्यटकको निकै बाक्लो भीडभाड रहन्छ।

सडकमार्ग स्तरोन्नति र विस्तारले मुस्ताङको मार्फा गाउँको पर्यटकीय गतिविधिलाई झनै चलाएमान बनाइदिएको छ। मुक्तिनाथ दर्शन र कोरलानाका पुगेर फर्किएका पर्यटक एक पटक मार्फा गाउँको अवलोकन गर्न छुटाउँदैनन्।

सूर्य विनायक नगरपालिका भक्तपुरबाट मुक्तिनाथ दर्शन गर्न परिवारका सदस्यसहित मुस्ताङ आएका बलराम गौतम मुस्ताङको मार्फा गाउँको सांस्कृतिक सम्पदा देखेर आफू मोहित भएको बताउनुभयो। पहिलो पटक मुस्ताङ आएका गौतमले मार्फा गाउँको परम्परागत सदियौं वर्ष पुराना, ढुङ्गा र माटोले बनेका घर, प्रत्येक घरका छतमाथि राखिएका दाउराको चाङ र अनि गाउँभित्रको साँघुरो गोरेटो गल्ली चाहार्दा निकै आनन्दित तुल्याएको अनुभूति सुनाउनुभयो। 'मार्फा गाउँको मुख्य विशेषता भनेका यहाँको प्राचीन घर र साँघुरो गल्ली रहेछ' उहाँले भन्नुभयो, "साँघुरो गल्लीभित्र होटल र समथिङ पसलनै रहेछन्, सडकमार्गमै पर्ने भएकाले यहाँ घुम्न निकै सजिलो पनि रहेछ।"

मुस्ताङको मार्फा गाउँमा करिब एक सय भन्दाबढी घरधुरी छन्। जहाँका स्थानीयले कृषि र पर्यटन व्यवसाय अपनाएको पाइन्छ। स्याउ लगायतका अन्नबाली उत्पादन गरेर मनग्ये आम्दानी गर्ने मार्फाली समुदायले पर्यटन व्यवसायलाई पनि मुख्य आम्दानीको रूपमा व्यवसाय चलाउँदै आइरहेका छन्। बर्सेनि पर्यटक आगमन बढेसँगै पछिल्लो समय बेनी–जोमसोम मुख्य सडकमा स्याउ बगैँचा मासेर कङ्क्रिट होटल निर्माण गर्नेसमेत होडबाजी चलेको छ। मार्फा गाउँको पुरानो भौतिक संरचना मासिन नहुने घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचन बताउनुभयो।

सडकमार्गमा कङ्क्रिट घर बनेपनि मार्फाको प्राचीन बस्तीको भौतिक तथा सांस्कृतिक संरचना मासिएमा मार्फा गाउँको अस्तित्व सङ्कटमा पर्ने गाउँपालिका अध्यक्ष लालचनको भनाइ छ। मुस्ताङको पर्यटकीय गाउँ मार्फाको मुख्य सडकमार्गबाट अलग्गिएर गाउँतर्फ मोडिएर करिब पाँच सय मिटर बढी साँघुरो गल्लीमा पैदलयात्रा गरेपछि उत्तरतर्फको मुख्य राजमार्ग सडकमा निस्किन सकिन्छ। त्यहाँको भिरालो सतहमा एकआपसमा लस्करै जोडिएका प्राचीन घरभित्र दर्जनौं शाखा गल्ली छन्। मार्फा र यहाँको साँघुरो गल्लीभित्र दर्जनौं स्वदेशी तथा विदेश चलचित्र र म्युजिक भिडियो सार्वजनिक भइसकेको छ।

यहाँ छायाँङ्कन भइसकेका चलचित्र, म्युजिक भिडियो र सामाजिक सञ्जालमा पोष्ट भएका दृष्यहरूले मार्फा गाउँको पर्यटनलाई थप उचाइमा पुऱ्याएको छ।

पोखराबाट पहिलो पटक मुस्ताङ आउनुभएका सुरज कुँवरले मार्फा गाउँको सांस्कृतिक सौन्दर्यता अद्भूत भएको बताउनुभयो। "हामीले बजारमा यस प्रकार सांस्कृतिक विविधता देख्न पाएका थिएनौं, जुन यहाँ प्रत्यक्ष साक्षात्कार गर्न पाईयो", कुँवरले थप्नुभयो, "साँच्चै मुस्ताङको मार्फा गाउँ पुरानो सांस्कृतिक विविधतायुक्त पुरानो नेपाल देख्न पाइयो।" उहाँले मार्फा गाउँ सम्बन्धिको 'क्या राम्रो स्याउ बारी' भन्ने गीत सानै छँदा सुनेपनि बमौसममा आएकाले स्याउ फलेको दृष्य देख्न नपाइएको बताउनुभयो। मार्फा गाउँभित्र एक दर्जन बढी साँघुरा शाखा गल्ली छन्। मार्फा गाउँलाई थप पर्यटन प्रवर्द्धन गर्नका लागि पछिल्लो समय त्यहाँका गल्लीलाई बिभिन्न प्रकारले नामाकरण गरिएको छ।

त्यहाँका शाखा गल्लीमा कतिपयलाई चलचित्रको नामसँग जोडिएको छ। मार्फा गाउँभित्र जेरी गल्ली, कबड्डी गल्ली, टिकटक गल्ली र झाँक्री गल्ली लगायतका विभिन्न नामले गल्लीको परिचय खुल्ने गरी स्याउ आकृतिको साइनबोर्ड टाँसिएको छ।

मार्फा गाउँभित्र चाहार्ने पर्यटकका लागि स्थानीय थकाली, गुरूङ र तिब्बतीय संस्कृति झल्किने मौलिक पोसाक लगाएर फोटो भिडियो खिच्न पाइने व्यवस्था मिलाइएको छ। मार्फा गाउँमा साँझपख स्थानीय मौलिक पोसाक लगाएर फोटो खिच्न पर्यटक लालायित हुने गर्छन्। साँघुरो गल्लीमा पर्यटकको गुल्जार हुँदा एकआपसमा ठोक्किँन पुग्छन्।

मुस्ताङको मार्फा गाउँभित्र एक बौद्ध धार्मिक गुम्बा छ। गाउँभित्रै जापानीज भिक्षु इकाई कावागुची बसेको पाँच सय वर्ष पुरानो घर छ। गाउँ नजिकैको एक थुम्कोमा घरपझोङ गाउँपालिकाले एप्पल पार्कसमेत निर्माण गरिसकेको छ। साँझपखको समयमा सडक बत्तीको उज्यालोले मार्फा गाउँको सौन्दर्यतालाई थप उजागर गरिदिन्छ।

मार्फा गाउँमाथिको अग्लो पहाडसँगै जोडिएको गुफामा पुगेर त्यहाँको परिदृष्य अवलोकन गर्न सकिन्छ। मार्फा गाउँमा आधा दर्जन स्याउबाट बनाइने ब्राण्डी उत्पादन गर्ने प्रशोधित डिस्टिलरी छन्। मार्फामा नेपाल सरकारको स्वामित्वमा रहेको शीतोष्ण बागबानी विकास केन्द्र नामक कृषि फार्म छ। जसले मुस्ताङका किसानलाई कृषिखेती सिकाउने र बिरूवा उत्पादन गरेर सेवा पुऱ्याइ रहेको छ।

# सगरमाथा आधार शिविरमा लेक लागेर एक श्रमिकको मृत्यु

सोलुखुम्बु, २० चैत (रासस)।

सगरमाथा आधार शिविरमा एक नेपाली श्रमिकको ज्यान गएको छ। ज्यान गुमाउनेमा दोलखाको गौरीशङ्कर गाउँपालिका-९ का ५५ बर्षीय लानिमा शेर्पा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार शेर्पा जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-४ स्थित सगरमाथा बेस क्याम्पमा काम गर्दै आएका थिए। यही चैत १७ गते साँझ ७:३० बजे लेक लागेर बिरामी परेका शेर्पालाई घोडामार्फत खुम्जुङ स्वास्थ्य चौकी लैजाने क्रममा चैत १८ गते थुक्लामा ज्यान गएको प्रहरीले जनाएको छ।

शवको कानुनी प्रक्रिया पूरा गरी मृतकको शव परीक्षणका लागि अल्टिच्युट हेलिकप्टरमार्फत टिचिङ अस्पताल काठमाडौं लगिएको थियो। शव परीक्षणपश्चात चैत १९ गते मृतकको शव उनका भतिजा पेमाछिरी शेर्पाले बुझी लग्नुभएको छ। घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# तीनकुने घटनामा मृतकका परिवारलाई १० लाख राहत दिइने

काठमाडौं, २० चैत (रासस)।

तीनकुनेको घटनामा ज्यान गुमाएका दुई जनाको परिवारलाई सरकारले जनही रु १० लाख राहत दिने भएको छ। सिंहदरबारस्थित मन्त्रालयमा बुधबार बसेको गृहमन्त्रीस्तरीय बैठकले उक्त निर्णय गरेको हो।

तीनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजक तथा सबिन महर्जनको परिवारलाई जनही रु १० लाख दिने निर्णय गरिएको गृहमन्त्री रमेश लेखकको सचिवालयले जनाएको छ।

तीनकुनेमा यही चैत १५ गते भएको हिंसात्मक प्रदर्शनका क्रममा आगजनी भएको घरमा एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजक मृत फेला परेका थिए। महर्जनको भने प्रहरीको गोली लागेर मृत्यु भएको थियो।

## मार्चमा १ लाख ...

सय ४३ पर्यटक आएका छन्। अमेरिकाबाट ११ हजार ९२ जना अमेरिकी आएका छन्।

श्रीलङ्काबाट आठ हजार आठ सय ८६ पर्यटक नेपाल आएका छन्। बेलायतबाट पाँच हजार नौ सय ९५ जना आएका छन्। मार्चमा दक्षिण एसियाली मुलुकका ३५ हजार दुई सय ८७ पर्यटक आएका छन्।

## विश्व समाचार

# पिठो तथा इन्धनको अभावमा गाजाका बेकरी बन्द

गाजा, २० चैत (रासस/क्यूएनए)।

गाजा पट्टीका बेकरीहरूमा पिठो तथा इन्धनको अभावका कारण उत्पादन रोकिएको छ। इजरायली नाकाबन्दीले गर्दा सङ्कटग्रस्त गाजाबासीहरूबीच अनिकालको सम्भावित प्रभावबारे थप चिन्ता बढेको छ।

गाजाको बेकरी मालिक सङ्घका प्रमुख अब्देल नासेर अल अजरामीले विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) द्वारा अनुदानप्राप्त बेकरी सोमबार र अन्य बेकरीमा मङ्गलबारदेखि उत्पादन बन्द भएपछि चरम भोकमरीको सम्भावना बढेको बताउनुभएको छ।

उहाँले डब्लुएफपीले पिठोलगायत भण्डारणका सामानको न्युनताको सुचना जारी गरेसँगै बेकरीहरू बन्द भएपछि सयौं हजार परिवारहरूको खानाको मुख्य स्रोत बन्द भएको जनाइएको छ।

अल अजरामीले गाजाको स्थिति अत्यन्त खतरनाक भएको जनाउदै आधारभूत सामग्रीहरू वितरण गर्न कुटानपिसान उदोगहरू तुरुन्तै नखोलिए प्रकोप थप बढ्ने बताउनुभएको छ।

उहाँले अन्तर्राष्ट्रिय समुदाय र मानवीय संस्थालाई इजरायललाई क्रसिङहरू पुन: खोल्न र मानवीय सङ्कटको बढ्दो अवस्थालाई रोक्न खाद्य पदार्थ र इन्धनको बाटो अनुमति दिन दबाब दिन आग्रह गर्नुभएको छ।

हालसालै जारी संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनले गाजा अनिकालको प्रारम्भिक चरणमा प्रवेश गरेको सङ्केत गरेको छ जहाँ २० लाखभन्दा बढी मानिसहरूले खाद्यान्नको स्रोत पूर्ण रूपमा गुमाएका छन्। यस क्षेत्रमा इजरायली आक्रमण बन्द नभएसम्म आगामी दिन विनाशकारी र खतरनाक हुन सक्ने विज्ञहरूले बताएका छन्।

# भूकम्पको पाँच दिनपछि एक व्यक्तिको जीबितै उद्धार

याङ्गुन, २० चैत (रासस/एएफपी)।

म्यानमामा गएको ७.९ म्याग्निच्यूडको भूकम्पको पाँच दिनपछि बुधबार म्यानमाको नेपिडोको एक होटल भवन भत्किएको भग्नावशेषबाट २६ वर्षीय एक होटल कर्मचारीलाई उद्धार गरिएको राज्य प्रशासन परिषद्को सूचना टोलीले जनाएको छ।

भग्नावशेषमा दुई जना फसेको र म्यान्माको अग्नि सेवा विभाग र टर्कीको उद्धार टोलीले एक जनालाई सुरक्षित स्थानमा ल्याउन सफल भएको सूचना टोलीले जनाएको छ। स्थानीय समयअनुसार मङ्गलबार अपराह्न ३:०० बजे होटलको अप्रेसन सुरु भएको र स्थानीय समयअनुसार बुधबार बिहान १२:३० बजे ती व्यक्तिलाई उद्धार गरिएको बताइएको छ।

बाँकी फसेका व्यक्तिहरूको खोजी र उद्धारको प्रयास जारी रहेको बताइएको छ।

# गुजरातको पटाका गोदाममा भएको विस्फोटमा मृत्यु हुनेको संख्या २१ पुग्यो

नयाँदिल्ली, २० चैत (रासस/सिन्ह्वा/एएनआई)।

भारतको गुजरात राज्यमा मङ्गलबार एक पटाका गोदाममा भएको ठूलो विस्फोटपछि आगलागी हुँदा मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ भने ५ जना घाइते भएका छन्।

बनासकाँठा जिल्लाको डीसा नगरमा भएको यस घटनामा गोदामको केही भाग भत्किएको र कैयौं मानिसहरू फसेको बताइएको छ। मृतकमध्ये अधिकांश मजदुर थिए, जो त्यहाँ काम गरिरहेका थिए।

प्रहरीका अनुसार, सुरुमा ६ जनाको मृत्यु भएको खबर आएको थियो, तर आगो नियन्त्रणमा आएपछि खोजी गर्दा मृतक सङ्ख्या बढेको हो। घटनाका बेला कति मजदुरहरू उपस्थित थिए भन्ने अझै यकिन हुन सकेको छैन।

हाल उद्दार कार्य जारी छ। प्रहरी, नगरपालिकाका कर्मचारी र जिल्ला प्रशासनसहित करिब २०० जना उद्दारकर्मी खटिएका छन्।

# म्यान्मामा भूकम्पबाट मृत्यु हुनेको संख्या दुई हजार ८ सय ८६ पुग्यो

याङ्गुन, २० चैत (रासस/सिन्ह्वा)।

म्यान्मामा शुक्रबार ७.९ म्याग्निच्युडको भूकम्पपछि मृत्युको सङ्ख्या दुई हजार ८८६ पुगेको र चार हजार ६३९ जना घाइते भएका छन्।

म्यान्मा रेड क्रस सोसाइटीका अध्यक्ष म्यो न्युन्टले भन्नुभयो, "प्राकृतिक प्रकोपको मूल्याङ्कन र आपतकालीन आपूर्ति वितरणमा रसद समन्वयको अभाव प्रमुख समस्या बनेको छ।"

उद्धार टोलीहरूले प्रभावित क्षेत्रमा सुरक्षा चिन्ताहरूका कारण आपूर्ति वितरणमा ठूलो समस्या भोगिरहेका छन्। यसका साथै, भारी यन्त्रको अभावले उद्धार कार्यलाई थप कठिन बनाएको म्यो न्युन्टले बताउनुभयो।

यस भूकम्पले म्यान्माको पश्चिमी र दक्षिणी क्षेत्रलाई ठूलो प्रभाव परेको छ, जहाँ दर्जनौं घर र भौतिक संरचनाहरू पूर्ण रूपमा ध्वस्त भएका छन्। भूकम्पको गहिराई र दुरगामी प्रभावका कारण उद्धार कार्यमा समय लागिरहेको छ। सरकारले आपतकालीन राहतका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपील गरेको छ।

राहत कार्यको लागि म्यान्माका प्रमुख शहर र ग्रामीण क्षेत्रहरूमा प्रभावित जनतासम्म खाना, पानी र स्वास्थ्य सहायता पुर्याउन प्रगति भइरहेको छ, तर हालको चिन्ता भनेको जीवितलाई उद्धार गर्न आवश्यक पर्ने थप स्रोत र उपकरणहरूको अभाव हो।

# चैती छठ अन्तरगत अस्ताउँदो सूर्यलाई अर्घ दिइदै

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**
चैती छठ अन्तरगत बुधबार दोश्रो दिन ब्रतालुहरुद्वारा खरना विधि गरिएको छ। यो विधि समाप्त भएसँगै बिहीबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइदै छ।

दिनभरी उपवास बसेका ब्रतालुले बेलुका सख्खरमा पकाएको खिर र रोटी खाएर खरना विधि सम्पन्न भएको छ।

पर्वको तेश्रो दिन बिहीबार साँझ जलाशयबाट अस्ताउँदो सूर्यलाई तथा चौथो दिन शुक्रबार बिहान सूर्यलाई अर्घ दिएपछी चार दिवसीय छठपर्व सम्पन्न हुन्छ।

कात्तिक र चैतमा गरी वर्षमा दुई पटक छठ पर्व मनाउने गरिन्छ। कात्तिकको छठ पर्वलाई मुख्य छठ पर्व मान्ने चलन रहे पनि केही वर्षयता चैती छठ मान्नेको संख्या पनि बढ्दो छ।

राजविराजको भगवती, कल्टु, पूर्णी, तुरन्ती, शिव लगायत पोखरी घाटमा चैती छठमा ब्रतालु र दर्शनार्थीको भिड लागने गरेको छ।

ब्रतालु र दर्शनार्थीको सुविधाका लागि छठ घाटको सरसफाई कार्य भइरहेको राजविराज नगरपालिका कार्यालयले जनाएको छ। पछिल्लो केही वर्षदेखी यहाँ चैती छठ प्रतिको अकार्षण बढ्दै गएको देखिएको छ।

छठ पर्व सूर्य उपासनाको पर्व हो। यो पर्वमा ब्रत बस्नाले इच्छित मनोकामना पुरा हुने विश्वास गरिन्छ।

# विद्यापति पुरस्कार घोषणा

**दैनिक समाचारदाता**
**जनकपुर, २० चैत ।**
विद्यापति पुरस्कार कोषले प्रदान गर्दै आएको पाँच विधाको पुरस्कार घोषणा गरिएका छन्। मैथिली भाषा, साहित्य, संस्कृति र कलाको क्षेत्रमा विशिष्ट योगदान दिएका संस्था र व्यक्तिलाई वार्षिक रूपमा कोषले पुरस्कार प्रदान गर्दै आएको छ।

कोषले २०८० तथा २०८१ का लागि विभिन्न व्यक्तित्व एवं संस्थालाई पुरस्कार प्रदान गर्ने घोषणा गरिएको कोषका अध्यक्ष रामबाबु चौधरी र सदस्य सचिव ध्रुवकुमार मण्डल अमातले मंगलबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा उल्लेख रहेको छ।

कोषले बर्सेनि रुपमा प्रदान गर्दै आएको रु दुई लाख राशिको नेपाल विद्यापति भाषा साहित्य पुरस्कार २०८० बाट मैथिली विकास कोष जनकपुरधाम र २०८१ प्रा भोलानाथ झालाई प्रदान गरिने जनाएको छ।

यसैगरी रु एक लाख राशिको नेपाल विद्यापति भाषा संस्कृति पुरस्कार २०८० रामकुमार मण्डल र २०८१ बाट दिपा मिथिला आर्ट ग्यालरीलाई प्रदान गरिने भएको छ। रु एक लाख राशिको नेपाल विद्यापति अनुसन्धान पुरस्कार २०८० विनोदकुमार यादव र २०८१ बाट मालाकुमारी कर्णलाई प्रदान गरिने कोषले जनाएको छ।

यसैगरी रु एक लाखकै नेपाल विद्यापति पाण्डुलिपी पुरस्कार २०८० साहित्यकार उपप्राध्यापक श्यामसुन्दर शशि र २०८१ कवि काशीकान्त झालाई प्रदान गर्ने भएको छ। रु एक लाख राशिकै नेपाल विद्यापति अनुवाद पुरस्कार २०८० विद्याधर झा र २०८१ पत्रकार एवं साहित्यकार श्यामसुन्दर यादवलाई सम्मानित गर्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ।

# सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि हमला गर्नेलाई हदैसम्मको कारवाही हुन्छ : गृहमन्त्री लेखक

काठमाडौँ, २० चैत (रासस)।
गृहमन्त्री रमेश लेखकले यही चैत १५ गते शुक्रबार काठमाडौँको तिनकुनेमा सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि भएको हिंसात्मक घटनाको निष्पक्ष छानविन गरी दोषीलाई हदैसम्मको कारवाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहाल नेतृत्वको टोलीले बुधबार मन्त्रालयमा दिएको ध्यानाकर्षणपत्र बुझ्दै गृहमन्त्री लेखकले अराजक, हिंस्रक एवम् सिद्धान्त बिनाको भिडले तिनकुनेमा वितण्डा मच्चाएको घटनाप्रति सरकार गम्भीर रहेको बताउनुभयो।

"तिनकुनेमा भएको अराजक भिडको कुनै निश्चित वाद, सिद्धान्त केही पनि थिएन, मात्रै अपराधिक कार्य गर्ने उद्देश्य थियो, लक्ष्य थियो।" गृहमन्त्री लेखकले भन्नुभयो, "विध्वंश मच्चाउने झुण्डले उग्रता देखायो, त्यसको मार सञ्चारगृह र सञ्चारकर्मीलाई पर्न गएको छ, यस विषयमा नेपाल सरकार गम्भिर छ।"

उहाँले हिंसात्मक प्रदर्शनका क्रममा सञ्चारकर्मी रहेको घरमा आगजानी गर्ने, सञ्चार गृह र सञ्चारकर्मीलाई निसाना बनाएको विषयमा सरकारले निष्पक्ष छानविन गरी दोषी पक्षलाई कारवाही गरिने बताउनुभयो।

यसैगरी तिनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजक र अन्य घाइते पत्रकारका विषयमा गम्भीर भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले उक्त विषयमा के गर्न सकिन्छ भन्ने विषयमा सरकार लागिरहेको छ भन्नुभयो।

सो अवसरमा महासचिव दाहालले तिनकुने घटनामा परी एक फोटो पत्रकारको ज्यान गएको र सञ्चारगृहहरूमाथि हमला भएको घटनाको निष्पक्ष छानविन गर दोषी पक्षलाई हदैसम्मको कारवाही गर्न अनुरोध गर्नुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

# अवैध रुपमा सञ्चालित निजी विद्यालयमा तालाबन्दी

जनकपुरधाम, २० चैत (रासस)।
धनुषाको एक पालिकामा गैरकानुनी तथा अवैध रुपमा विना दर्ता सञ्चालनमा रहेका एक दर्जन निजी विद्यालयलाई बुधबारबाट बन्द गराइएको छ।

पटकपटक सूचना जारी गरे पनि दर्ता प्रक्रियामा नगएको तथा अटेर गरेकाले मुखियापटी गाउँपालिकामा विना दर्ता सञ्चालनमा रहेका निजी विद्यालयलाई बाध्य भएर बन्द गर्नुपरेको गाउँपालिका अध्यक्ष जयकुमार यादवले जानकारी दिनुभयो।

बन्द गराइएका निजी विद्यालयमा न्यू स्काइ, तराई चाइल्ड डेभलपमेन्ट, गङ्गालाल शिशु पाठशालालगायत एक दर्जन विद्यालय बन्द गराइएको उहाँले जानकारी दिनुभयो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन एवं व्यवस्थापन गर्न अधिकार स्थानीय तहलाई रहेको छ।

सोही अनुरुप शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले आफ्नो पालिकाले कारबाही प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ। पालिका अध्यक्ष यादवले गैकानुनी रुपमा सञ्चालनमा रहेका विद्यालयमा आफ्ना बालबालिकालाई अध्ययनका लागि भर्ना नगर्न अभिभावकलाई आग्रह गर्नुभयो। साथै उहाँले विद्यालय सञ्चालकलाई कानुनी प्रक्रिया तथा मापदण्डअनुसार दर्ता गरी विद्यालय सञ्चालन गर्नका लागि निर्देशन गर्नुभयो।

# भारत सरकारको सहयोगमा निर्माण हुने १० परियोजनाको समझदारी पत्रमा हस्ताक्षर

काठमाडौँ, २० चैत (रासस)।
भारत सरकारको अनुदान सहयोगअन्तर्गत नेपालमा शिक्षा, स्वास्थ्य र संस्कृति क्षेत्रमा कार्यान्वयन हुने १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको समझदारी पत्रमा हस्ताक्षर भएको छ।

भारतको सहयोगमा कूल रु ६२ करोड पाँच लाख परियोजना लागतमा नेपालमा १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) सञ्चालन गर्न काठमाडौँस्थित भारतीय दूतावास, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन एजेन्सीहरूले बुधबार समझदारी पत्र (एमओयु) मा हस्ताक्षर गरेका छन्।

नेपालमा यी परियोजना नेपाल सरकारका स्थानीय निकाय जस्तै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामार्फत कार्यान्वयन गरिने दूतावासले जनाएको छ। यी उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) को कार्यान्वयनले नेपालका जनतालाई राम्रो शैक्षिक, स्वास्थ्य सेवा र सांस्कृतिक सुविधा प्रदान गर्न मद्दत गर्नेछ।

सन् २००३ यता भारतले बुधबार समझदारी पत्रमा हस्ताक्षर भएका १० वटा परियोजनासहित नेपालमा ५७३ भन्दा बढी एचआइसीडीपीहरुमा कार्य गरेको छ र नेपालका सात वटै प्रदेशका तल्लो तहमा शिक्षा, स्वास्थ्य, सडक तथा पुल, नदी तालिम, खानेपानी, विद्युतीकरण, सिँचाइ, संस्कृति, समाज कल्याण र अन्य सार्वजनिक उपयोगिताको सिर्जनाका क्षेत्रमा चार सय ९५ परियोजना पूरा गरेको छ। बाँकी परियोजना विभिन्न चरणहरूमा सञ्चालन भइरहेको छ।

# प्राधिकरणका अध्यक्ष ओझा विरूद्धको रिटमा कारण देखाउ आदेश

काठमाडौँ, २० चैत (रासस)।
सर्वोच्च अदालतले नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाविरूद्ध दायर रिट निवेदनमा कारण देखाउ आदेश गरेको छ।

न्यायाधीश डा नहकुल सुवेदीको एकल इजलासले बुधबार प्राधिकरणका अध्यक्ष ओझाे योग्यतामाथि प्रश्न उठाइएको उक्त विवादमा लिखित जवाफ माग गर्दै कारण देखाउ आदेश गरेको हो।

अधिवक्ता इन्दिरा धमलाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल बिमा प्राधिकरण सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि गठित सिफारिस समिति र प्राधिकरणका अध्यक्ष ओझालाई विपक्षी बनाइ चैत १७ गते दायर गरेको रिट निवेदनमा उहाँको नियुक्ति बदर गर्न माग गरिएको छ।

मन्त्रिपरिषद्को गत फागुन १२ गतेको बैठकले ओझालाई प्राधिकरण अध्यक्षमा नियुक्त गरेको थियो।

## *दलित समुदायमाथि...*

कालीकोट, कास्की, धादिङ, सप्तरी र रुकुमपश्चिम लगायतका जिल्लामा जिल्लामा अन्तरजातीय विवाह गरेका कारण, चुलो वा पानी छोइएको निहुँमा दलित समुदाय मारिँदासम्म कानुनबमोजिम कारवाही हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

मानवअधिकार तथा शान्ति समाजका संस्थापक तथा मानवअधिकारकर्मी कृष्ण पहाडीले देश परिर्तनका निम्ति दलित समुदायले पटकपटक योगदान पुऱ्याएको स्मरण गर्दै उनीहरुको संवैधानिक अधिकारको व्यावहारिक रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

यही यही चैत १७ गतेदेखि औरही गाउँपालिकामा हुने भनिएको महायज्ञका लागि भन्दै चैत १० गते औरही- ५ का दीपक मल्लिक (डोम) को डोजर लगाएर भत्काइएको थियो।

उहाँले भन्नुभयो, "दलित समुदायले २०४६ साल, २०६२/०६३ साललगायत मुलुकको परिवर्तनका निम्ति पटकपटक भएका आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउँदै आएका छन्, तर उनीहरुले पाउनुपर्ने सबै अधिकार पाएका छैनन् र सवैधानिक रुपमा प्राप्त अधिकार पनि कार्यान्वयन हुन सकेको छैन, कार्यान्वयनका निम्ति एकीकृत रुपमा आन्दोलन गर्नुपर्ने अहिलेको आवश्यकता हो।" सभासद् विनोद पहाडीले दलितको सवालमा संविधानको प्रस्तावना, धारा २४ र ४० को पनि व्यावहारिक रुपमा कार्यान्वयन हुनुपर्ने माग गर्नुभयो।


## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

**स्वस्थ र दीर्घ जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np